# धितोमा रहेको चल/अचल सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको ७ दिने सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति २०८१/११/१३ गते)

यस **कर्णाली डेभलपमेन्ट बैंक लि. शाखा कार्यालय नेपालगञ्जबाट** तपसीलमा उल्लिखित ऋणीले आफ्नो उद्योग व्यापार, व्यवसाय सञ्चालन गर्न लिनु भएको ऋण कर्जाको यस बैंक संग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल व्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, लिखित तरताकेता गरिएको एवं मिति २०८१/०८/२७ गते आर्थिक अभियान राष्ट्रिय दैनिकमा र मिति २०७९/०२/११ गते सदभाव राष्ट्रिय दैनिक पत्रिकामा १५ दिने सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसील बमोजिमको सम्पत्ति जहाँ जे-जस्तो अवस्थामा छ, सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी बैंक नियमानुसार लिलामद्वारा बिक्री गरिने भएको हुँदा लिन ईच्छुक व्यक्ति तथा संस्थाहरुले बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी तपसीलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ (सातौ) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन आव्हान गरिन्छ। प्राप्त हुन आएका बोलपत्रहरु ८ (आठौँ) दिन सोही स्थानमा खोलिने हुँदा तपसीलमा उल्लिखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिद कर्ता बोलपत्र वाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी, प्रोप्राइटर, धितो/जमानीदिने तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ। तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधापुग्ने छैन। साथै कर्जा असुलीको कारबाही अन्तर्गत ऋणी, प्रोप्राईटर सञ्चालक, धितो जमानीदिनु हुने सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पुर्ण धितो लिलाम विक्री गर्दा पनि बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानुन बमोजिम कारबाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त व्यहोरा अनुरोध गर्दै सूचनाको म्याद भित्र धनी बैकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउन हुन समेत विशेष अनुरोध गरिएको छ।

तपसिल

| क्र.स. | ऋणीको विवरण | धितोको विवरण |
|---|---|---|
| १. | लगानी गरिएको केन्द्रिय कार्यालयः नेपालगंज, बाँके<br>कर्जा शिर्षकः हायर पर्चेच कर्जा<br>**ऋणीः श्री एकदन्त कन्सट्रक्सन एण्ड सप्लायर्स (अख्तियार प्राप्त व्यक्ति. श्री अजुत रावत क्षेत्री)**<br>नेपाल सरकार उद्योग मन्त्रालय कम्पनी रजिष्ट्रार कार्यालय, काठमाडौँमा, दर्ता नं.:१५६३७७।०७३।०७४ अन्तर्गत मिति २०७३/०६/०७ गतेमा दर्ता कायम रहेको र आन्तरिक राजश्व विभाग नेपालगंज बाँके, स्थायी लेखा नं. ६०४३३०३६५ रहेको बिरेन्द्रनगर न.पा वडा नं.११, सुर्खेतमा स्थित श्री एकदन्त कन्सट्रक्सन एण्ड सप्लायर्स प्रो. श्री नन्दु रावतको नाती माधव रावतको छोरा श्री अजुत रावत क्षेत्री)<br>ना.प्र.प.नं. : ६६३००६/२१२, सुर्खेत<br>जारी मिति : २०६३/११/१३ गते<br>ठेगाना : नेपालगंज-१३, बाँके | १. भेरी यातायात ब्यबस्था कार्यालय, नेपालगंज बाँकेमा दर्ता रहेको निम्न विवरणको सवारी<br>सवारीको विवरणः<br>सवारी साधनको नं : भे १ क ६७७<br>इन्जिन नं : FSHM428363<br>च्यासिस नं : 6160529763<br>सवारी मोडल : F17 CRANE<br>बनको साल : २०१६<br><br>२. बागमती यातायात ब्यबस्था कार्यालय ललितपुरमा दर्ता रहेको निम्न विवरणको सवारी<br>सवारीको विवरणः<br>सवारी साधनको नं : बा १२ च ४७६६<br>इन्जिन नं. : EB25501<br>च्यासिस नं : MAJ1XXMR1EBA25501<br>सवारी मोडल : FIGO TITANIUM 2011<br>बनको साल : २०१४ |
| २. | **ऋणी : श्री झलक फार्मेसी (संचालक झलक वली)**<br>कर्जा शिर्षकः व्यापारिक ओ.डी<br>नेपाल सरकार स्वास्थ्य मन्त्रालय औषधी व्यवस्था बिभाग शाखा कार्यालय नेपालगंज, बाँके मा औषधी ऐन २०३५ र औषधी दर्ता नियमवली २०३८ को आधारमा बमोजिम र.प.न नं ३७४०९२६०६३६००, मिति २०७४/०९/२६ गतेमा दर्ता कायम रहेको राप्ती सोनारी गा.पा.-८, बाँके स्थित श्री झलक फार्मेसी (संचालक पञ्चराम वलीको नाति कुविर वलीको छोरा झलक वली<br>ना.प्र.नं. : ६१०३, दाङ<br>जारी मिति : २०६३/०५/२३ गते<br>ठेगाना : राप्ती सोनारी गा.पा.-८, बाँके | १. श्री पञ्चराम वलीको नाति/नातिनी/ बुहारी, श्री कुविर वलीको छोरा/छोरी/श्रीमती श्री झलक वलीको नाउँमा मा.पो.का नेपालगंज बाँकेमा दर्ता कायम भएको बाँके जिल्ला महादेवपुरी गा.वि.स./न.पा. वडा नं. ०९ स्थित कि. नं ८४५ को क्षेत्रफल १६९.३० व.मी. जग्गा र सो मा बनेको घर समेत।<br>२. श्री पञ्चराम वलीको नाति/नातिनी/ बुहारी, श्री कुविर वलीको नेपालगंज बाँकेमा दर्ता कायम भएको बाँके जिल्ला महादेवपुरी गा.वि.स./न.पा. वडा नं. ०९ स्थित कि .नं ४९७, ४९८, को क्षेत्रफल १७४.००, १७४.०० ब.मी जग्गा तथा सो ले चर्चेको लिगलगापात समेत।<br>३. श्री पञ्चराम वलीको नाति/नातिनी/ बुहारी, श्री कुविर वलीको तुल्सीपुर दाङमा दर्ता कायम भएको मा.पो.का तुल्सीपुर दाङमा दर्ता कायम भएको दाङ जिल्ला लाहुरेचौर गा.वि.स./न.पा. वडा नं. ०२ स्थित कि .नं.३६७३, को क्षेत्रफल ८४.६६ व.मी. जग्गा र त्यसमा बनेको घर आदी सम्पूर्ण लिगलगापत समेत।<br>४. श्री कुविर वलीको/नातिनी/ बुहारी, श्री झलक वलीको को छोरा/छोरी/श्रीमती, सरस्वती विष्टको नाउँमा मा.पो.का नेपालगंज बाँकेमा दर्ता कायम भएको बाँके जिल्ला महादेवपुरी गा.वि.स./न.पा. वडा नं. ०७ स्थित कि .नं.४८०, ४८८, ४८९ , को क्षेत्रफल २४५.४९, १६०.८४, १६०.८४, व.मी. जग्गा र सोले चर्चेको सम्पूर्ण लिगलगापत समेत |
| ३. | **ऋणीः श्री प्रतिक इण्डष्ट्रिज प्रा. लि (संचालक : श्री तिलक वि.क.)**<br>कर्जा शिर्षकः व्यापारिक ओ.डी कर्जा/ औधोगिक कर्जा/औधोगिक कर्जा (मेसिन खरिद)<br>नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाण्डौ प्राईभेट लिमिटेड दर्ता ऐन २०६३ को दफा ५ को उपदफा (१) बमोजिम दर्ता नं. ३०५५३८/०७९/०८० भई मिति २०७९/१०/०९ दर्ता भएको र आ.रा. का.नेपालगंज बाँकेमा स्थायी लेखा नं. ६१०४३१२१४, मिति २०७९/१०/०९ दर्ता कायम रहेको श्री प्रतिक इण्डष्ट्रिज प्रा.लि संचालक श्री रविलाल वि.क को नाति श्री शेरबहादुर वि.क को छोरा श्री तिलक वि.क)<br>ना.प्र.न : २६४-००९-२७३६, रुकुम<br>जारी मिति : २०५६/०८/०६<br>ठेगाना : खजुरा गा.पा. वडा नं.०३, बाँके | १. प्रतिक इण्डष्ट्रिज प्रा.लि. को नाममा मालपोत कार्यालय नेपालगंज बाँकेमा दर्ता श्रेष्ता रहेको बाँके जिल्ला बागेश्वरी गा.वि.स वडा नं. १ को नक्सा सिट नं. ०३५१२४७ को कित्ता नं. १०६, १०५, १९७, १०१, १०३ र १०८ को क्षेत्रफल ११००.००, ३७६०.००, ३१२०.००, १२१०.००, ४०५५.०० र १५६०.००व.मी. जग्गा र सो मा बनेको ट्रस्ट र सोको सम्पूर्ण लिगलगापत समेत।<br><br>२. प्रतिक इण्डष्ट्रिज प्रा.लि. को नाममा मालपोत कार्यालय नेपालगंज बाँकेमा दर्ता श्रेष्ता रहेको बाँके जिल्ला बागेश्वरी गा.वि.स वडा नं. ५ को नक्सा सिट नं. ०३५११६७ को कित्ता नं. ६६७ र ६६५ को क्षेत्रफल २५९.३१ र ४८२०.१७ व.मी. जग्गा र सोको सम्पूर्ण लिगलगापत समेत।<br><br>३. एच.डि.ई.पि पाईप मेसिन सेट, सि.पि.भि.सी पाईप मेसिन सेट, बोतल एण्ड जार क्याप मेसिन सेट, वाटर टेन्क मेसिन सेट। |

| क्र.स. | ऋणीको विवरण | धितोको विवरण |
|---|---|---|
| ४. | **ऋणीः श्री प्रतिक निर्माण सेवा (प्रो : श्री तिलक वि.क)**<br>कर्जा शिर्षकः हायर पर्चेज कर्जा<br>नेपाल सरकार उद्योग मन्त्रालय घरेलु तथा साना उघोग कार्यालय नेपालगंज बाँके प्राईभेट फर्म दर्ता रजिष्ट्रेशन ऐन २०१४ बमोजिम दर्ता नं. २४१/५५९७/०७२/०७३ भई मिति २०७२/०९/१७ दर्ता भएको र आ.रा. का.नेपालगंज बाँकेमा स्थायी लेखा नं. ६०३८४२०४५, मिति २०७२/१०/११ दर्ता कायम रहेको श्री प्रतिक निर्माण सेवा (प्रो : श्री रविलाल वि.क.को नाति श्री शेरबहादुर वि.क को छोरा श्री तिलक वि.क.)<br>ना.प्र.न : २६४-००९-२७३६, रुकुम<br>जारी मिति : २०५६/०८/०६ गते<br>ठेगाना : खजुरा गा.पा. वडा नं.०३, बाँके | १. गाडीको विवरण :<br>भेरी यातायात व्यवस्था कार्यालय नेपालगंज बाँकेमा दर्ता श्रेष्ता कायम रहेको भे १ क ८६६ को ईन्जिन नं. H00143925, च्यासिस नं.BUNJS22CJH2560158, मोडेल नं.: JAS 220 AL, सिसि/एच.पीः 170 HP को जे.सि.बी एस्काभेटर।<br>२. बागमति यातायात व्यवस्था कार्यालय काठमाडौं बागमतिमा दर्ता श्रेष्ता कायम रहेको बा २० च ९८२० को ईन्जिन नं. SJJ4K19430 र च्यासिस नं MA1TA4SJXJ2K 45733, मोडेल नंः SCORPIO S54WD, सिसि/ एच.पीः 2179 CC , को महेन्द्रा एण्ड महेन्द्रको स्करपियो गाडी।<br>३. बागमति यातायात व्यवस्था कार्यालय काठमाडौं बागमतिमा दर्ता श्रेष्ता कायम रहेको बा २० च ९८२८ को ईन्जिन नं. SJJ4K20548 र च्यासिस नं MA1TA4SJ XJ 2K46901, मोडेल नंः SCORPIO S54WD, सिसि/ एच.पीः 2179 CC, को महेन्द्रा एण्ड महेन्द्रको स्करपियो गाडी।<br>४. बागमतियातायात व्यवस्था कार्यालय काठमाडौं बागमतिमा दर्ता श्रेष्ता कायम रहेको बा ३ ख २६४६ को ईन्जिन नं. ८०४५.४५.७४७-२४५२३६ र च्यासिस नं. NKJ1107ELJKT01688, मोडेल नं.: 1107EX-D, सिसि/एच.पीः 3100 CC, को कम्मप्याक्टर रोल्लर |
| ५. | **ऋणी :श्री त्रिसरा इण्डष्ट्रिज प्रा. लि. (संचालक : रविलाल विश्वकर्मा)**<br>कर्जा शिर्षकः व्यापारिक ओ.डी कर्जा /औधोगिक कर्जा<br>नेपाल सरकार उद्योग,वाणिज्य तथा आपुर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय २०६३ को दफा ५ को उपदफा (१) बमोजिम दर्ता नं.३०५७७८/०७९/०८० अन्तर्गत मिति २०७९/१०/१२ गतेमा दर्ता कायम रहेको श्री त्रिसरा इण्डष्ट्रिज प्रा.लि. (प्रो. श्री तिखे कामीको नाति श्री धनिराम कामीको छोरा श्री रविलाल विश्वकर्मा)<br>ना.प्र.न :३८१९-३७, रुकुम<br>ठेगाना : मुसिकोट न.पा. वडा नं.-१, रुकुम | जग्गाको विवरण :<br>१. श्री त्रिसरा इण्डष्ट्रिज प्रा.लि को नाममा मालपोत कार्यालय गुलरिया बर्दियामा दर्ता श्रेष्ता रहेको बर्दिया जिल्ला सानोश्री गा.वि.स वडा नं. १ क, १ घ, २ क स्थित कित्ता नं.१००, २१७ र ११७९ को क्षेत्रफल २७०९.०४, ६७७२.६३ र ६७७.२६ व.मी. जग्गा र सोको सम्पूर्ण लिगलगापत समेत।<br>२. श्री त्रिसरा इण्डष्ट्रिज प्रा.लि. को नाममा मालपोत कार्यालय गुलरिया बर्दियामा दर्ता श्रेष्ता रहेको बर्दिया जिल्ला ताराताल गा.वि.स वडा नं. ४ क स्थित कित्ता नं. ६११ को क्षेत्रफल २६१५.८९ व.मी. जग्गा र सोको सम्पुर्ण लिगलगापत समेत।<br>३. श्री त्रिसरा इण्डष्ट्रिज प्रा.लि. को नाममा मालपोत कार्यालय नेपालगंज बाँकेमा दर्ता श्रेष्ता रहेको बाँके जिल्ला बागेश्वरी गा.वि.स. वडा नं. १ कित्ता नं.१४३, ४४५, ४४६, ४४७, ४४८ र १४४ को क्षेत्रफल ६७७.२६, २०३१.७८, २०३१.७८, २०३१.७८, ४२५९.६६ र ६८८७.७४ विगाहा जग्गा र सोको सम्पुर्ण लिगलगापत समेत।<br>४. मेसिनको विवरण :<br>SODIUM SILICATE MACHINE SET |
| ६. | **ऋणीः श्री नेचर नेपाल इण्डष्ट्रिज प्रा. लि. (संचालक : तिलक बिर सुनार)**<br>कर्जा शिर्षकः व्यापारिक ओ.डी कर्जा<br>नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाण्डौं, दर्ता नं.: ३०५५३७/०७९/०८०, मितिः २०७९/१०/०९ गतेमा दर्ता कायम रहेको श्री नेचर नेपाल इण्डष्ट्रिज प्रा.लि (प्रो. श्री मान सिंह सुनारको नाति श्री महाबिर सुनारको छोरा श्री तिलक बिर सुनार)<br>ना.प्र.न : २१५४८, बाँके<br>ठेगानाः बागेश्वरी गा.वि.स.वडा नं.०६, बाँके | १. जग्गाको विवरण :<br>श्रीनेचर नेपाल इण्डष्ट्रिज प्रा.लि.को नाममा मालपोत कार्यालय गुलरिया बर्दियामा दर्ता श्रेष्ता रहेको बर्दिया जिल्ला सानोश्री गा.वि.स वडा नं. १क, स्थित कित्ता नं. ३२०, २८९, २७४, ३५९, ३१३, ३१२, ३१४, र ३१५, ३३८ को क्षेत्रफल ०-७-१०, ०-१३-०,०-२-१०, ०-२-१०, ०-२-८.५, ०-४-११.५, ०-४-११.५, ०-८-८.५, ०-१७-०, व.मी. जग्गा र सोको सम्पूर्ण लिगलगापत समेत।<br>२. मेसिनको विवरण :<br>1. Sanitery pad Machin Set<br>2. Tooth Burush machine set<br>3. Tooth past Machine set |
| ७. | **ऋणी : श्री कोमल राज सिंह ठकुरी**<br>कर्जा शिर्षकः हायर पर्चेच कर्जा<br>बुवा : माथवर सिंह ठकुरी<br>बाजे : ऐन सिंह ठकुरी<br>ना.प्र.प.नं. : १०३१४ जि.प्र.का, बाँके<br>जारी मिति : २०५८-०६-१७ | १. भेरी यातायात ब्यबस्था कार्यालय, नेपालगंज बाँकेमा दर्ता रहेको निम्न विवरणको सवारी को विवरणः<br>सवारी साधन नं : भे.१ ख २०६९<br>इन्जिन नं : 497TC92ETY820971<br>च्यासिस नं : MAT457403G7R09340<br>बनेको साल : २०१६ |

लिलाम बिक्रीको शर्त तथा बन्देजहरु :

१. बोलपत्र फारम यस बैंकबाट कार्यालय समयभित्र रु. १०००/- (फिर्ता नहुने) तिरी प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचनामा तोकिए बमोजिमको मिति, स्थान र समयमा प्राप्त भइसक्नु पर्नेछ। म्याद नाधि वा रित नपुगी आएको तथा शर्त सहितको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
३. बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक बिदा परेमा विदाको लगतै बैंक खुलेको दिनमा बोलपत्र बुझाउन/खोल्न सकिनेछ। सो तोकिए अनुसारको दिनविदा परेमा त्यस पछिको लगतै बैंक खुलेको दिन दिउँसो ठिक ३:०० बजे सम्ममा कारोबार गरी बोलपत्र खोल्न सकिनेछ।
४. बोलपत्रमा आफुले सकार/खरिद गरिलिन चाहेको सम्पत्तिको विवरण खुलाई के-कति रकममा सकार/खरिद गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनु पर्नेछ।
५. बोलपत्र साथ आफुले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने धरौटी रकम यस बैंकको नाममा खिचिएको ड्राफ्ट/नगदजम्मा गरेको बैंक भौचर/गुडफर पेमेन्ट चेक समेत शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नु पर्नेछ।
६. बढी रकम कबोल गर्नेको बोलपत्र स्वीकृत भएमा सो सूचनाको जानकारी दिएको ७ (सात) दिनभित्र बाँकी सम्पूर्ण रकम बुझाई उक्त सम्पत्ति आफ्नो नाममा नामसारी गर्ने, लिने प्रकृया अगाडि बढाउन पर्नेछ। उक्त बांकी रकम तोकिएको समयमान बुझाएमा धरौटी वापत रहेको १० प्रतिशत रकम स्वतःजफत हुनेछ।
७. कुनै पनि अवस्थामा लिलाम प्रकृया रद्ध गर्ने वा बोलपत्र स्विकृत गर्ने नगर्ने वा नेगोशियसन गर्ने सम्पूर्ण अधिकार धनी बैंकमा सुरक्षित रहनेछ।
८. ईच्छुक खरिद कर्ताले खरिद गर्न चाहेको सम्पत्ति जहाँ जे-जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा खरिद गर्नु पर्नेछ। लिलाम बिक्री हुने सम्पत्ति र अन्य कुरा बुझ्न हेर्न वा स्थलगत निरीक्षण गर्न चाहनु हुने महानुभावहरुले यस बैंकमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ।
९. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा (१) अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोल कबोल गरेको रकम बैंकलाई चित्तबुझ्दो नभएमा प्रचलित ऐन कानुन तथा आफ्नो नियम अनुसार बैंकले उक्त सम्पत्ति सकार गरी स्वामित्व आफुमा लिन/अधिनमा राख्न सक्नेछ।
१०. स्वीकृत बोलपत्र अनुसार खरिद कर्ताले सम्पत्ति लिंदा आफ्नो नाममा नामसारी गर्दा नियमानुसार लाग्ने नेपाल सरकारको राजश्व, रजिष्ट्रेशन दस्तुर, सम्पत्ति कर, स्थानिय कर र धारा/विजुली शुल्क (बाँकी बक्यौता), सम्पूर्ण दायित्व आदि सकार गर्ने व्यक्ति वा पार्टी आफैले नै तिर्नु, व्यहोर्नु पर्नेछ।
११. उल्लेखित सम्पत्ति लिइ सकेपछि सोको सम्पूर्ण जवाफदेही स्वयं खरिद कर्ताको हुनेछ। धनी बैंकसँग पछि कुनै कैफियत देखाउन वा दावी गर्न पाइने छैन।
१२. लिलाम बोलकबोल गरेको रकमबा धरौटी वापत बुझाएको रकममा कुनै व्याज प्रदान गरिने छैन। साथै लिलाम सदर/बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न पाइने छैन।
१३. शिलबन्दी बोलपत्र यस बैंकले उपलब्ध गराए बमोजिमको तोकि दिएको ढाँचामा पेश गर्नु पर्ने छ। साथै बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ।

पुनश्च : उल्लिखित धितो लेखि दिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दा साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरिलियो भनी कहिकतै उजुर वाजुर गर्न पाउनुहुने छैन।

| | |
|---|---|
| बोलपत्र पेश गर्ने अन्तिम मिति र समय | : २०८१/११/१९ गते सोमबार कार्यालय समयसम्म। |
| बोलपत्र खोलिने मिति र समय | : २०८१/११/२० गते मंगलबार दिनको ३:०० बजे। |
| बोलपत्र बुझाउने र खोलिने स्थान | : कर्णाली डेभलपमेन्ट बैंक लि. केन्द्रिय कार्यालय नेपालगंज, बाँके। |

**कर्णाली डेभलपमेन्ट बैंक लिमिटेड**
**Karnali Development Bank Ltd.**
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त)
(नेपाल राष्ट्र बैंकद्वारा गठित व्यवस्थापन समूहबाट नियन्त्रित र संचालित)

**कर्जा असुली विभाग**
केन्द्रीय कार्यालय नेपालगँज-बाँके, नेपाल
फोनः ०८१-४१५०४०/४१५०७४
ईमेलः info@kdblnepal.com